"महालक्ष्मी नगर, समृद्धिको आधारः कृषि, ब्यापार, पर्यटन र पूर्वाधार"

# महालक्ष्मी नगरपालिका, धनकुटा

## आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

महालक्ष्मी नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनितिक दलका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, सुरक्षाकर्मी, पत्रकार, लगायत कार्यक्रममा उपस्थित आदरणीय सप्पूर्ण महालक्ष्मी नगरवासी दिदीबहिनी तथा दाजुभाईहरु ।

महालक्ष्मी नगरपालिकाको यस गरीमामय नगर सभा समक्ष आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम नगर प्रमुखको हैसियतले यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ ।यस नगरसभामा उपस्थित हुनु भएका नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु लगायत अन्य महानुभावहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

यस अवसरमा म सर्वप्रथम राष्ट्र, राष्ट्रियता, स्वाभिमानको रक्षार्थ र परिर्वतनको आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने (२०८२ साल भाद्र २३ र २४ गते सहित) सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, लोकतन्त्र, परिवर्तन र न्यायको आन्दोलनमा घाईते एवं अशक्त हुनुभएका प्रति उच्च सम्मान व्यक्त गर्दछु ।साथै स्वाधिनता, सामाजिक न्याय, समानता र संघीय शासन प्रणाली स्थापना गर्न संघर्ष गर्नुहुने अग्रजहरु र सम्पूर्ण नेपाली जनताले पुऱ्याउने भएको योगदानलाई उच्च मूल्याङ्कन गर्दै स्मरण गर्न चाहन्छु ।

वि.सं. २०८२ साल भदौ २३–२४ गते भएको जेन्जी आन्दोलनले विभिन्न सेवाहरूमा प्रत्यक्ष प्रभाव पारेको देखियो। प्रशासनिक काम, योजना कार्यान्वयन, राजस्व संकलन तथा नागरिकलाई प्रदान गरिने दैनिक सेवामा समेत असर परेको थियो। यस घटनाले स्थानीय तहमा श्रम सम्बन्ध, कर्मचारी व्यवस्थापन र सेवा प्रवाहको निरन्तरताको महत्वलाई थप उजागर गरेको छ।

यो ४ वर्षे कार्यकालमा महालक्ष्मी नगरपालिकाले स्थानीय सरकारको हैसियतबाट विभिन्न संरचनात्मक, नीतिगत, कानुनी, प्रशासनिक तथा व्यावस्थापकीय कार्य सम्पादन गर्दै आएको छ । नगर कार्यपालिकाले केन्द्रगत, शाखागत र वडास्तरबाट सम्पादन गर्नुपर्ने काम कारवाहीलाई प्रभावकारीरुपमा सम्पादन गर्न प्राथमिकता दिइएको छ ।

वडास्तरमै बजेट प्रदान गरी प्रत्यक्ष जनताको आवश्यकता अनुसार योजना छनौंट गर्ने कार्यमा नगरपालिकाले प्राथमिकता दिएको छ । वडा कार्यालयहरुलाई बलियो बनाउन साधनश्रोत उपलब्ध गराउँदै आइ रहेको छ र जनताले अपनत्व महशुस गर्न पाएका छन् । वडास्तरमा थुप्रै रचनात्मक एवं विकासात्मक कामहरु भएका छन् । वडास्तरमा विनियोजन भएका बजेटहरु समयमै खर्च गर्ने र अनुगमन कार्यमा निरन्तर खटिने वडाअध्यक्षज्यूहरु, नगर कार्यपालिका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु लगायत सम्पूर्ण कर्मचारीहरुलाई म हार्दिक धन्यवाद दिन चाहन्छु ।

आफ्नो श्रोत, साधन र क्षमताको अधिकतम उपयोगमा नगरपालिकाले सदैव ध्यान दिएको छ, नगरको विकास र समृद्धिमा नगरपालिकाले प्रस्तुत गरेको नीति, कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका साथै सुशासनको प्रत्याभूति दिलाउन नगरपालिका सदैव प्रयासरत रहेको छ । नगरपालिकाको पूँजीगत खर्चको प्रगति लक्ष्य अनुरुपनै भैरहेको छ । संघ तथा प्रदेश सरकारले अनिवार्य रुपमा कानुन अनुसार वित्तीय हस्तान्तरण गरी पठाउनुपर्ने समानीकरण अनुदान रकम मध्ये संघीय सरकारबाट सम्पूर्ण रकम हस्तान्तरण नभएकोले नगरका विभिन्न पुर्वाधार लगायत विभिन्न संरचनात्मक विकासको काममा समस्या पैदा भएको छ । वित्तीय हस्तान्तरणको रकम संघीय सरकारले समयमा नै नपठाउदा भुक्तानी प्रक्रियामा केही जटिलता थपिएको कुरा पनि म यहाँहरुलाई जानकारी गराउन चाहन्छु ।

नेपालको संविधान (२०७२) अनुसार नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ । यी तीन सरकारले राज्यशक्तिको प्रयोग सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा गर्ने व्यवस्था भए अनुरुप विकासका हरेक गतिविधिहरुमा तीनवटै सरकारको समन्वय र सहकारिता हुन आवश्यक देखिन्छ । संघ र प्रदेश सरकारबाट स्थानीय सरकारसंग समन्वय नहुँदा कतिपय विकास निर्माणका काममा दोहोरोपना आउने, आवश्यकताका आधारमा बस्तुनिष्ठ ढंगले विकास आयोजना छनौट नहुने समस्या स्थानीय तहहरुले भोग्नुपरिरहेको छ । स्थानीय तहको सर्वोपरि विकासमा संघीय सरकार र प्रदेश सरकारसँग समन्वय, सहकारिताका साथ अघि बढ्न नगरपालिका सदैब प्रतिबद्ध रहेको छ ।

पर्यटन प्रवद्धन र विकासका लागि महालक्ष्मी नगरपालिकाले प्राकृतिक श्रोत साधन र ऐतिहासिक तथा पूरातात्विक सम्पदामा जगेर्ना र यसको उजागर गर्ने कार्यमा सदैव ध्यान दिदै आएको छ । भौगोलिक विविधताले सजिएको यस नगरपालिका पर्यटकीय प्रचुर संभावना भएकाले यस तर्फ तपाई हामी सबैले आउँदा दिनमा थप पहलकदमी र प्रयास गर्न जरुरी देखिन्छ ।

भ्रष्टचार नियन्त्रण, सुशासन एवम् सार्वजनिक खर्चमा मितव्ययिता सम्बन्धी नीतिहरुको कार्यान्वयनबाट सुशासन र सेवा प्रवाहमा सकारात्मक प्रभाव पर्ने भएकाले नगरपालिकाले आफ्नो सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त दुरुस्त र प्रविधि मैत्री बनाउदै लैजान सदैव ध्यान दिएको छ ।

दिगो बिकासका लक्ष्य अनुरुप, आगामी आर्थिक वर्ष २०८३/०८४ मा महालक्ष्मी नगरपालिकाले लिनु पर्ने नीति तथा कार्यक्रम तयार गरी नगरको सर्वोपरि हित सम्पन्न र समृद्धिको खाका कोर्ने अवसरमा हामी जुटि रहेका छौं ।

संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको रकम र राजस्व बाँडफाँड वापत प्राप्त हुने रकम समयमै प्राप्त नहुने र तोकिएको भन्दा कम प्राप्त हुन थालेको वर्तमान अवस्थामा नगरपालिकाको आन्तरिक आयश्रोतलाई सुदृढीकरण गर्ने तर्फ यस नीति तथा कार्यक्रम निर्देशित रहेको छ । यसमा सबै पक्षको सहयोग र समन्वय रहने कुरामा म विश्वस्त रहेको छु ।

**आदरणीय, नगरसभा सदस्यज्यूहरु,**

अब म महालक्ष्मी नगरपालिकाले आ.ब. २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु निम्न बमोजिम प्रस्तुत गर्दछु

**<u>नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु</u>**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- संघ तथा प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु ।
- नगरपालिकाको जनसंख्या तथा भौगोलिक अवस्था ।
- आर्थिक विकास तथा गरीवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने योजनाहरु ।
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु ।
- स्थानीय जनताको सहभागीता रहने, अपनत्व महसुस हुने तथा लागत कम लाग्ने योजनाहरु ।
- महिला, बालबालिका तथा पिछडिएका वर्ग एवं क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना तथा कार्यक्रमहरु ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने योजना तथा कार्यक्रमहरु ।
- दीगो विकास, बातावरणीय संरक्षण तथा सम्बर्धन गर्न सघाउ पुऱ्याउने योजनाहरु ।
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाब तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने योजनाहरु ।
- सहभागिताको स्तर (योजना तर्जुमा, कार्यान्वयन र अनुगमन) ।
- बजेट उपलब्धताको अवस्था ।
- दोहोरोपना नहुने आधार ।
- शहरीकरण ।

**<u>विकासका समसामायिक मुद्धाहरु</u>**

- दिगो विकास लक्ष्य, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास ।
- बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन सम्बन्धित बिषयहरु ।
- फजुल खर्च कटौती गर्ने, मितव्ययीता अपनाउने, भ्रष्टाचार नियन्त्रण गर्ने, सुशासन सम्बन्धी निर्देशिका ।
- महालक्ष्मी नगरपालिकाले आवश्यक ठानेका बिषयहरु ।
- विगतका आर्थिक वर्षमा नगरपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु ।
- विभिन्न राजनीतिक दलहरु, संघ सस्थाका प्रतिनिधीहरु, नगरबासी सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीका सल्लाह सुझाबहरु ।

**<u>आदरणीय, नगरसभा सदस्यज्यूहरु,</u>**

**<u>महालक्ष्मी नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमाका मुख्य उद्देश्यहरु निम्न रहेका छन</u>**

- सुशासन अभिवृद्धी गर्ने,
- स्वास्थ्यमा सवैको सहज पहुच पुऱ्याउँने,
- गुणस्तरीय शिक्षा उपलब्ध गराउँने,
- स्वच्छ खानेपानीमा सबैको पहुँच पुर्याउँने,
- कृषि तथा पशुपन्छी विकासमा आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण गर्ने,
- पूर्वाधार विकास (सडक, पुल, भवन, सिचाई, खानेपानी, पार्क निर्माण आदि) लाई प्राथमिकतामा राख्ने,
- उपभोक्ता हित संरक्षण योजना बनाउँने,
- आत्मनिर्भरता र स्वरोजगार अभिबृद्धीका कार्यक्रमहरु सञ्चालनमा ल्याउँने,
- पर्यटकीय पूर्वाधार बिकासमा लगानी अभिवृद्धी गर्ने,
- बातावरण, फोहोरमैला व्यवस्थापन तथा विपद व्यवस्थापनमा निरन्तर सुधारका कार्य गर्ने,
- सूचना, सञ्चार र प्रविधिको पहुँच बढाउँने,
- सहकारीको सुदृढिकरण एवं विकासमा भूमिका अभिवृद्धि गर्ने,
- युवा तथा खेलकुद विकासको प्रवर्द्धन गर्ने,
- सामाजिक सुरक्षा र समावेशी विकास (आदिवासी, जनजाति, महिला, दलित, फरक क्षमता भएका व्यक्ति आदीको विकास) को मर्म र भावना अनुसार कार्यक्रमहरु सञ्चालन गर्ने, जातजातीको धर्म अनुसार कार्य अगाडी बढाउँदै जाने ।
- लैंगिक हिंसा रोकथामका कार्यक्रम सन्चालन गर्ने,
- सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन एवं पार्क तथा हरियाली क्षेत्रको विकास गर्ने,
- ऐलानी तथा अव्यवस्थित जग्गाको व्यवस्थापनमा स्थानीय सरकारको भूमिका प्रभावकारी बनाउने,
- नगरपालिका र मातहतका कार्यालयहरुलाई नागरीक मैत्री कार्यालयको रुपमा रुपान्तरण गर्ने ।
- नागरिकलाई सही, तथ्यपरक, निष्पक्ष तथा समयमै सूचना प्रवाह गर्न पत्रकारिता क्षेत्रको क्षमता अभिवृद्धि र व्यवसायीक पत्रकारीताको विकास गरिनेछ।

**आदरणीय, नगरसभा सदस्यज्यूहरु,**

**आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको छोटकरी समिक्षा**

अब म महालक्ष्मी नगरपालिकाले आ.ब.२०८२/०८३ मा लिएका मुख्य नीति तथा कार्यक्रमहरुको उपलब्धि र अवस्थाको छोटकरी विवरण यस सम्मानित सभा समक्ष राख्न चाहन्छु ।

१. विभिन्न नदीनालाको नदीजन्य पदार्थ उत्खनन्, बिक्री गर्न ठेक्का बन्दोवस्त गर्ने काम भएको छ साथै राजश्व संकलनको काम भएको छ ।

२. बहुवर्षीय रुपमा निर्माणाधीन कोल्ड स्टोरको निर्माण अन्तिम चरणमा पुगेको छ ।

३. सबै वडाको आफ्नो वडा कार्यालय भवन निर्माण सम्पन्न भएका छन् ।

४. जितपुर कटहरे मारेक कालोपत्रे सडक निर्माण कार्य भइरहेको र दुई वर्ष भित्रमा चानुवा डाँडागाँउ सम्म पुग्ने गरी कालो पत्रे गर्ने लक्ष्य राखिएको छ ।

५. विपन्न लक्षित अनुदान कार्यक्रममा विपन्न कृषकहरुका लागि उन्नत कृषि बिउ, बिजन तथा अन्य अनुदान वितरणको कार्य भएको छ ।

६. सुरक्षा र सहजताका लागि नगरपालिकाले चालु आर्थिक वर्षमा सि.सि. क्यामेरा जडान कार्य भएकोछ ।

७. वडा स्तरमा एकल महिला आयआर्जन कार्यक्रम तथा महिला आयआर्जन कार्यक्रम सञ्चालन गरीएको छ ।अपाङ्ग तथा फरक क्षमता भएका व्यक्तिहरूलाई उपचार तथा क्षमता विकास कार्यक्रम गरिएकोछ ।

८. सामाजिक सुरक्षा भत्तालाई लाभग्राहीको सिधै खातामा भत्ता रकम जम्मा हुने विद्युतिय प्रणाली लागू गर्ने काम पूर्ण रुपमा कार्यान्वयनमा आएको छ ।

९. नगरपालिकाको न्यायीक समितिको नेतृत्वमा कठिन मुद्धापनि सहमति गराएर टुङ्ग्याइएको छ।

१०. महालक्ष्मी नगरपालिकाको विद्यालय क्षेत्र बाहिर रहेका बालबालिकालाई विद्यालयमा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम अन्तर्गत विद्यालयहरुमा ल्याउन सफल भएका छौं ।

११. सामुदायिक क्याम्पसको गुणात्मक विकासको लागि नगरपालिकाले सामुदायिक क्याम्पस सहयोगको व्यवस्था गरेको छ ।

१२. माटो सुधार कार्यका लागि माटो परीक्षण कार्य सञ्चालन भएका छन् ।

१३. कृषि यान्त्रिकीकरण अन्तर्गत किसानहरुको लागत सहभागितामा विभिन्न यन्त्र उपकरण वितरणको कार्य गरीएको छ ।

१४. पशुपंछीहरुको रोगको उपचार सेवा सुचारु गरीएको छ ।

१५. ऐलानी जग्गा संरक्षण तर्फ ध्यान दिइएको छ ।

१६. शहरी क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्न विभिन्न क्षेत्रमा डस्टबिन राख्ने कार्य भएका छन् ।

१७. घरनक्सा पास गर्ने कार्यको सुरुवात गरीएको छ।

१८. नगरपालिकाका विभिन्न उद्यमीहरुलाई मागमा आधारित लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्य भएको छ साथै स्वरोजगार बनाउन नागरिकहरुलाई रुचि अनुसारको सीपमूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

१९. राष्ट्रिय रोजगार कार्यक्रममा नगरपालिकाले साझेदारीमा सडक निर्माण  उद्यमशिलता प्रवद्धन कार्यक्रम सञ्चालन गरिएको छ ।

२०. वडाहरुमा बजेट सिलिङ्ग अनुसार पूर्वाधार विकास लगायत विभिन्न विकास योजना तथा कार्यक्रमहरु सञ्चालनमा आएका छन् ।

२१. जितपुर अस्पतालमा विशेषज्ञ डाक्टरको सेवालाई प्रभावकारी बनाउन नगरपालिकाबाट प्रोत्साहन भत्ता उपलब्ध गरीएको छ ।

२२. आन्तरिक राजस्व कर्यालयबाट हुने पान नम्बर सम्बन्धि काम तथा सेवा नगरपालिकाबाट नै प्रदान गर्न थालिकएको छ त्यसलाई अझ व्यवस्थित गरिनेछ ।

२३. विपन्न नागरीकहरुलाई निःशुल्क स्वास्थ्य उपचार गर्ने काम वडाहरुको सिफारिसमा भैरहेको छ ।

२४. उद्योगहरुको प्रवर्द्धन र विकासका लागि उद्योग एवं व्यावसायहरुलाई प्रविधि हस्तान्तरणको काम सञ्चालन भैरहेको छ ।

२५. दाह्रेगौंडा मारेक लेगुवा सडक,डाँडागाँउ मुडे सडक कालोपत्रे गर्ने कार्य सुरु गरीएको छ।जितपुर सिधुवा सडक कालोपत्रे (पिच) गर्ने काम सुरु गरिएको छ ।

२६. गाई भैंसीको गोठ सुधार र अनुदानको कार्य भएको छ।

२७. जितपुर कटहरे मारेक सडक कालोपत्रे काम भइरहेको छ । जितुरमा नगर स्तरीय खेल मैदान निर्माणको कार्य अगाडी बढेको छ ।

२८. श्रम स्वीकृति दिने कार्य एकै दिनमा दिन थालिएको छ ।क्षतिपूर्ती खर्च विदेशमा रहेको श्रमिकहरुलाई कानूनि सल्लाह सूझाव र निशुल्क शव झिकाउने त्यहा लागने रकम स्थानीय तहबाटै दिने प्रावधान मिलाइएको छ ।

२९. महालक्ष्मी नगरपालिका भित्रका नागरिकलाई आवश्यक परेका सम्पूर्ण कार्यहरुमा सहयोग र सेवा पुऱ्याइरहेको छ ।

अब म महालक्ष्मी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति र कार्यक्रम यस नगरसभाको बैठकमा प्रस्तुत गर्न चाहन्छु ।

## १. आर्थिक विकास सम्बन्धि नीति

### कृषि

१. कृषि कस्टम हायरिङ्ग सेन्टर स्थापना गरिदै लगिने छ ।

२. बाँझो जग्गामा फलफूल विरुवा रोपण तथा वितरण कार्यक्रम सञ्चालन गरीनेछ ।

३. कृषिमा आईपर्ने विभिन्न प्रकोप नियन्त्रण एवं राहत कार्यक्रम ल्याईनेछ ।

४. माटो परीक्षण कार्यलाई थप व्यवस्थित गर्दै पूर्ण रुपमा सबैलाई प्रोत्साहन गरीनेछ ५. किसानहरुको सूचीकरण गरी तथ्याङ्क अध्यावधिक गरीनेछ ।

६. तेलहन बालीलाई प्रवर्द्धन गर्ने कार्यक्रम ल्याइनेछ ।

७. लसुन, प्याज, अदुवा, अकवरे खोर्सानीको बेमौसमी खेती प्रवर्द्धन कार्यक्रम गरीनेछ ।

८. सामुहिक जैविक,प्राकृतिक तथा अर्गानिक खेती गर्ने समूहलाई प्रोत्साहन गरीनेछ ।

९. नगरपालिकालाई खाद्यान्न तथा तरकारीमा आत्मनिर्भर बनाउन कृषकहरुलाई तरकारी खेती सम्बन्धी विभिन्न तालिम, अन्य खेती सम्वन्धी अनुदान रकम र बीउ विजन लगायतका सामग्रीहरु उपलब्ध गराइनेछ ।

१०. कृषि उपज बिक्री वितरणको सहजताका लागि कृषि बजार तथा बिक्री केन्द्रको विकास गर्दै लगिनेछ ।

११. महालक्ष्मी नगरपालिकामा एक वडा एक कृषि प्राविधिक राख्ने कार्यलाई निरन्तरता दिइनेछ।

१२. कृषकहरुलाई माग अनुसार मल उपलब्ध गराउन नसकिरहेको अवस्थामा आगामी आ.व. कृषि मलको सहज आपूर्ती गराउन विशेष पहल गरीनेछ । साथै, महालक्ष्मी नगरपालिका भित्र जैविक तथा प्राङ्गारिक मल उत्पादन गर्ने कार्यलाई प्रवर्द्धन गरीनेछ ।

१३. रैथाने बाली प्रवर्द्धन र संरक्षण कार्यक्रम सञ्चालन गरीनेछ ।

१४. विभिन्न गुणस्तरीय जातका आलुको बीउमा कृषकहरुलाई सहयोग उपलब्ध गराईनेछ ।

१५. कृषि प्राविधिकहरुलाई समय सापेक्ष तालिम प्रदान गर्दै दक्ष प्राविधिक बनाइनेछ १-९ वटै वडामा कफि खेती, फलफुल खेती तथा सम्भव भएसम्म तेलहन खेती सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

१७. **"सबै जमिनमा सिंचाई पु¥याउ, बाँझो जमिनलाई उर्वर बनाऔ"** भन्ने सोंचका साथ कृषि उत्पादनमा बृद्दि गरेर गरीबी निबारणमा टेवा पु¥याइने छ।

१८. दिगो कृषि विकासका लागि एकीकृत कृषि गुरुयोजना निर्माण गरी कार्यान्वयन गरीनेछ ।

१९. यसै आर्थिक वर्षमा कृषिको ब्यवसायीकरण गर्दै कृषकको आयमा बृद्धि गर्न कृषकले उत्पादन गरेको फलफूल तथा तरकारी जन्य उपजलाई कोल्डस्टोरमा भण्डारण गर्ने व्यवस्था मिलाइनेछ।

२०.कि.वि., सुन्तला, एभोकाडो, आँप, लिची, लगायतका फलफुल खेतीलाई व्यावसायीकरण गरिदै लगिने नीति लिइनेछ ।

**पशु**

१. पशु अस्पताल तथा ल्याब सञ्चालनमा ल्याउन थप सामग्री खरीद गरी यसलाई व्यवस्थित बनाइनेछ ।

२. कृषकहरुको लागत साझेदारीमा पशुपन्छी तथा मत्स्य कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

३. छाडा कुकुरहरुलाई बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

४. पशुपालनका लागि पोषिला घाँसहरुको बीउ बिजनको व्यावस्था गरी उक्त पशु उत्पादनमा बढी जोड दिनइनेछ ।

५. पशुहरुको बिक्री वितरणलाई सहज गराउन पशु हाटबजारको व्यवस्थापन गरीने नीति लिइनेछ ।

६. महालक्ष्मी नगरपालिकामा “एक वडा एक पशु पकेट क्षेत्र विस्तार कार्यक्रम” सञ्चालनमा ल्याइनेछ।

७. पशुपन्छी सम्बन्धी वडागत तथ्याङ्कलाई प्रविधिसँग जोड्दै व्यवस्थित गरीनेछ ।

८. वडागत रुपमा र पशु विकास शाखामा कार्यरत भेटेनरी सम्बन्धी काम गर्ने प्राविधिक कर्मचारीको क्षमता विकासका लागि विभिन्न तालिम सञ्चालन गरीनेछ ।

९. समयको माग अनुसार पशु विकास शाखा र सो अन्तर्गत सञ्चालित इकाईहरुमा पशु सेवालाई प्रभावकारी बनाउन विभिन्न प्रविधिहरुको व्यवस्थापन गरीनेछ ।

१०. उत्पादित दूधको बजारीकरण गर्न ठूला डेरी उद्योगहरुसँग समन्वय र साझेदारी गर्ने नीति लिइनेछ ।

११. पशुजन्य उत्पादकहरुलाई उत्पादन परिमाणको आधारमा प्रोत्साहन, सुविधा उपलब्ध गराईनेछ ।

१२. माछा उत्पादक कृषकहरुलाई प्रोत्साहन गरी माछामा आत्मनिर्भर र ब्यवसायिक बनाउन विषेश नीति तथा कार्यक्रमहरु ल्याउनेछ ।पालिकालाई मासुमा आत्मा निर्भर बनाउन बाखा पकेट क्षेत्र कार्यक्रमलाई निरन्तरता दिइ बंगुर, कुखुरा व्यावसायिक कालेज, बदेल र मृग पालन कुषक लाई प्रोत्साहन एवम् अनुदानको नीति लिइनेछ ।

१३. पशु नश्ल सुधारको लागि गाई भैसीमा कृतिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. पशु विमा कार्यलाई व्यवस्थीत गरीनेछ ।

१५. नगरपालिकाको शहरी क्षेत्रमा व्यवस्थित पशु बधशाला नभएकाले व्यवस्थित पशु वधशालाको लागि उपयुक्त स्थान छनौट प्रक्रिया अघि बढाईनेछ ।

१६. आकस्मिक पशु उपचार सेवाको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१७. पशु स्वास्थ्य शिविर कार्यक्रम थप अध्ययन गरेर सञ्चालन गरीनेछ ।

१८. घाँसको नर्सरीलाई निरन्तरता दिदै आवश्यक उपकरणको व्यवस्था गरीनेछ ।

१९. पशु उपकरण र औषधी वितरण कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै लगिनेछ ।

२०. उत्कृष्ट पशु तथा कृषिका एक एकजना कृषक छनौट गरी नगरपालिकाले सम्मान तथा पुरस्कृत गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

२१. पशुधन क्षति हुनबाट बचाउनको लागि माहामारी रोग विरुद्ध खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२२.पशुपालनलाई व्यवसायीकरण बनाउनमा प्रभाकारी रुपमा भूमिका निर्वाहा गरीने छ जसले आम नागरीकलाई दुध र मासुमा आत्मनिर्भर बनाई नगरको मुख्य आयस्रोतको रुपमा विकास गरिदै लगिनेछ।

**उद्योग/वाणिज्य**

१. ९ वटै वडामा औद्योगिक क्षेत्रको सम्भावना तथा कच्चा पदार्थको सर्वेक्षण गरी सम्बन्धि कार्यक्रम सञ्चालन गरीनेछ ।

२. गरीबी निवारण गर्नका लागि विभिन्न लघु उद्यम विकास कार्यमा नयाँ उद्यमी प्रोत्साहन कार्यक्रम सञ्चालन गरीनेछ ।

३. नगरपालिका भित्र लघु, घरेलु तथा साना उद्यम व्यवसायहरुको स्थापन, विकास र विस्तार गर्दै लागत साझेदारी गरिनेछ ।

४. स्थानीय स्तरमा उत्पादन हुने विभिन्न वस्तुहरुको बजारीकरणका लागि नगरपालिकाबाट विशेष कार्यक्रम सञ्चालन गरीनेछ ।

५. उद्यमीहरुको मागमा आधारित लागत साझेदारीमा विभिन्न आवश्यक प्रविधिहरु सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. नगर भित्र सञ्चालनमा रहेका विभिन्न उद्योग, व्यापार तथा व्यवसायलाई सरल प्रक्रियाबाट दर्ता, नवीकरण र नियमन गरी तथ्याङ्कलाई थप व्यवस्थित र अद्यावधिक गरीनेछ ।

७. बेरोजगार युवाहरु, वैदेशिक रोजगारमा गई स्वदेश फर्केका युवाहरु तथा आँट, सीप भई लगानीको अभाव भएका व्यक्तिहरुका लागि लघु, घरेलु, साना तथा मझौला उद्योग/व्यवसाय सञ्चालन गर्न नगर स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरेर नवप्रवर्तनमा आधारित कार्यक्रम सञ्चालन गरीनेछ ।

८. सीप भएका तर लगानीको अभावमा बेरोजगार बनेका व्यक्तिहरुको वडाबाट तथ्यांक प्राप्त गरी सीप अनुसारको स्वरोजगारको व्यवस्थापन गर्न कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

९. साना व्यवसाय र ठूला व्यवसाय बीच सम्बन्ध विस्तार अन्तरक्रिया कार्यक्रम सञ्चालन गरीनेछ ।

१०. सञ्चालित उद्योग, व्यवसायलाई ब्यवस्थित गर्ने नीति लिईनेछ ।

११. सञ्चार माध्यमबाट सफल उद्यमी प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

१२. महालक्ष्मी नगरपालिका वडा नं १ कटहरेमा औधोगिक ग्राम निर्माण सम्पन्न गरीनेछ ।

१३ स्थानीय ढुङ्गा गिटी बालुवा प्रसोधन गर्ने क्रसर उद्योगलाई करको दायरामा ल्याएर सञ्चालन गर्न दिइनेछ।

१४. महालक्ष्मी नगरपालिकाले हाल सम्म सीप प्रदान गरेको महिलाहरुलाई उद्योग सञ्चालन गर्न विषेश व्यावस्था गरिनेछ । जस्तै अचार बनाउने, कृस्टल, गहना, सिलाई कटिङ्ग, माहुरी पालन, धरेलु तान बाट ढाका कपडा, व्युटिसियन, बाँस जन्य सामाग्री कुसन, मेकर दुग्धजन्य परिकारको सीप सिकेका दक्ष जनशक्तिबाट उद्योग सञ्चालन गर्न प्रोत्साहन गरी रोजगार र स्वरोजगारको वातावरण निर्माण हुने नीति लिइनेछ ।

**<u>पर्यटन तथा संस्कृति प्रवर्द्धन</u>**

१.ऐतिहासिक गुठ मन्दिर पूर्वाधार विकास कार्यलाई निरन्तरता दिइनेछ र साथै संरक्षण र प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

२.लेगुवा झर्ना, झाक्रि पार्क, गुठ मन्दिर, धर्मदेवी मन्दिर लगायतका अन्य पर्यटकीय स्थललाई थप आकर्षक र महत्वको रुपमा व्यवस्थित गरीनेछ ।

३.चानुवा दमारमा रमाइलो पिकनिक पार्क निर्माणमा सम्बन्धित ठाउँमा पहल गरीनेछ ४.नगरपालिका क्षेत्र भित्रका विभिन्न धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक स्थानहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुको प्रवर्द्धन र विकासमा कार्यक्रम सञ्चालन गरीनेछ ।

५.ऐतिहासिक तथा धार्मिक महत्व झल्काउने नवनिर्मित महालक्ष्मी मन्दिरको जगेर्ना र प्रवर्द्धन गर्ने कार्यक्रलाई निरन्तरता दिइनेछ ।

६.पर्यटकको उचित सेवा, सत्कार र सुरक्षा प्रबन्ध सहितको पर्यटकीय आवास व्यवस्थापन गर्न होटलहरुको न्यूनतम सेवा, मुल्य र गुणस्तर मापदण्ड निर्धारण गरीनेछ ।

७.गोरेटो तथा साना पैदल मार्गलाई ९ वटै वडाहरुको सहकार्यमा वर्षमा एक पटक स्थानीय सहभागीतामा सरसफाई र मर्मत गरीनेछ ।

८.महालक्ष्मी नगर भित्रका विभिन्न स्थानमा होमस्टे निर्माण गर्नलाई प्रोत्साहन गरीनेछ ।

९.समग्र महालक्ष्मी नगरको पर्यटन गुरुयोजना निर्माण गरेर पर्यटन विकास गरीनेछ ।

**<u>सहकारी</u>**

१. हाल विभिन्न कारणले कतिपय सहकारी संस्थाहरु क्रियाशिल नरहेको र कतिले राम्रोसँग कार्य सम्पादन गर्न नसकेको अवस्थामा सहकारी संस्थाहरुलाई एकीकरणमा जान प्रोत्साहन कार्यक्रम ल्याइनेछ । यसमा एकीकरण पश्चात् ३ वर्षसम्म पालिकालाई बुझाउनु पर्ने स्थानीय करमा ५०% रकम छुट गरीने नीति लिइनेछ ।

२. नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन) सँग सहकार्य गर्दै लागत साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

३. राम्रा काम गर्ने उत्कृष्ट सहकारी संस्थाहरुलाई प्रोत्साहन गरीनेछ ।

४. नगरपालिकाबाट सहकारी संस्थाहरुको प्रभावकारी अनुगमन गरी नियमन गर्ने नीतिलाई व्यवस्थित गर्दै लगिनेछ ।

५. नेपालको संविधान, २०७२ ले परिकल्पना गरेको ३ खम्बे अर्थ नीतिको एक खम्बाको रुपमा रहेको सहकारी क्षेत्र भएकाले सहकारीको मर्म र भावना अनुसार सहकारी गठन, सञ्चालन र व्यवस्थापनमा जोड दिईनेछ, सहकारीलाई गरीबी न्यूनिकरण र स्वरोजगारमा जोड्ने गरी कार्यक्रमहरु ल्याईने छ ।सहकारी

क्षेत्रमा देखिएको अयमितता लाई अनुगमन र उचित नीति निर्माण गरी सुव्यावस्थित र पारदर्शी गरिदै लागिनेछ ।

६. वित्तीय सेवा तथा प्रविधिको पहुँच बिस्तार गर्न सहकारी शिक्षा तथा तालिम सञ्चालन गरीनेछ।

७. सहकारितामा आधारित कृषि क्षेत्रसँग सम्बन्धित उत्पादन, प्रशोधन तथा बजारीकरणको विकास तथा प्रवर्द्धनको लागि आवश्यक कार्यक्रम ल्याईने छ ।

८. सहकारीमा संलग्न ब्यक्तिहरुको लगत तथ्याङ्क राख्ने र सम्पत्ती शुद्धिकरणको लागि प्रभावकारी नियमहरु कार्यान्वयन गरीनेछ ।

९. सहकारीको रुपमा प्राकृतिक एवं जैविक खेती गर्ने सहकारीलाई नगरपालिकाले प्रोत्साहित गर्ने नीति लिइनेछ ।

१०. नगरपालिका स्तरको सहकारीको अवस्था विश्लेषण गरी यथार्थ तथ्याङ्क सार्वजनिक गर्ने नीति अनुरुप सहकारी बुलेटिन प्रकाशन गरीने छ ।

११. खारेज गर्न आवश्यक देखिएका सहकारीहरुलाई कानुनी प्रक्रिया अनुसार खारेज गर्ने र एकीकरणमा जान चाहने सहकारीहरुको लागि एकीकरण प्रक्रियालाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ।

१२ यस नगरमा भएका सहकारीहरुलाई सहकारी शिक्षकका लागि लेखा तथा व्यावस्थापन तालिमको व्यवस्था मिलाइ बचत तथा ऋण सहकारी संस्थाहरुलाई राष्ट्रिय सहकारी नियमत प्राधिकरणमा दर्ता गराउने प्रवन्ध गरिनेछ ।

**खानी तथा खनिज**

१. वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्रचलित कानून बमोजिम नगरपालिका भित्र रहेका डाँडापाखा, वनजंगल र खोलानालाबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन गरी बिक्री वितरण गर्न आवश्यक नीतिगत प्रबन्ध गरीनेछ ।

२. महालक्ष्मी नगर भित्रका तामाखानी, चुनढुङ्गा खानी, फलामखानी, कुरिङ्ग खानी आदीको सम्भाव्यता अध्ययन गरिनेछ ।

३. महालक्ष्मी नगर भित्रका विविध प्रकारका खनिजजन्य बस्तुको निर्यातमा लाग्ने करमा समयानुकुल परिमार्जन गरीनेछ ।

**रोजगार प्रवर्द्धन तथा गरीवी न्यूनीकरण**

१. विपन्न नागरिक वीमा कार्यक्रमलाई लक्षित वर्ग र समुदायको पँहूच पुऱ्याउने नीति रहनेछ । विपन्न र मजदुर विमालाई प्रोत्साहन गरिनेछ ।

२. गरीब ,श्रमिक र मजदुरका छोराछोरीलाई शिक्षाको पहूँच पुऱ्याउने र समयानुकुल शिक्षा प्रदान गर्ने उद्देश्यले आवासिय बिद्यालय निर्माण गर्ने कार्यको सुरुवात गरीनेछ ।

३. नगरपालिका भित्रको विपन्नता तथ्याङ्क संकलन गरी अभिलेखीकरण कार्य गरीने छ ।

४. गरीबी निवारणको लागि संघ एवम् प्रदेश सरकार सँग आवश्यक समन्वय गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरीने कार्यलाई निरन्तरता दिइनेछ ।

५ स्थानीय रोजगारीको अवस्था अध्ययन गरी दिगो समावेशी मर्यादित र व्यवस्थित श्रमवजार सुनिश्चित गरीने नीति लिइनेछ।

६ स्थानीय युवालाई स्वरोजगार वनाई श्रमवजारमा आकर्षित गर्न पहल गरीनेछ ।

७ गरीबी न्यूनीकरणमा सहयोग पुग्ने गरी विभिन्न निकाय एवं क्षेत्रबाट सञ्चालित प्राविधिक तथा व्यवसायिक रोजगारमूलक एवं सीपमूलक तालिमहरुमा समेत सहकार्य गरीनेछ ।

८ रोजगारीको क्षेत्रमा बढदै गरेको प्रविधिको प्रयोगलाई मध्यनजर गरी अधिकतम रोजगारी सृजना हुने क्षेत्रहरुको पहिचान गरी नवीनतम् सीप विकासका कार्यक्रम सञ्चालन गरीनेछ ।

९ रोजगार सम्वाद मञ्चलाई गतिशिल बनाई दिगो रुपमा रोजगारीका अवसरहरु सृजना गर्न रोजगार सम्बद्ध सरोकारवालाहरुसँगको छलफल र सहभागितामा आवश्यक रोजगारयोग्य कार्यक्रमहरु सञ्चालन गर्न गैर सरकारी संघसंस्था एवं निजी क्षेत्रसँग समन्वय गरीनेछ।

१० स्थानीय तहभित्रको अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्न सम्भावित औपचारिक क्षेत्रहरुकोपहिचान गरी रोजगारमैत्री कार्यक्रमहरु सञ्चालन गरी रुपान्तरण गरिदै लगिनेछ ।

११. रोजगार विनिमय सेवा सञ्चालन गर्न रोजगार सेवा केन्द्र र कर्मचारीको क्षमता विकास एवं सुदृढीकरण गरीनेछ ।महालक्ष्मी नगर भित्रका नागरिकहरुलाई स्थानीय उत्पादनसँग जोडी बजारीकरणको व्यावस्था मिलाउदै रोजगारका अवसर सिर्जना गरिदै लगिने नीति लिइनेछ ।

१२ वैदेशिक रोजगारीबाट प्राप्त सामाजिक तथा आर्थिक विप्रेषणलाई नगरपालिकाभित्र उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न वित्तीय साक्षरता सम्बन्धी तालिम एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गरीनेछ।

१३ उद्यमशिलता विकासमा सहकारी संस्थाहरु, सामुदायिक संस्थाहरु,बैंक तथा वित्तीय संस्थाहरुलाई लगानी गर्न प्रोत्साहन गरी नयाँ उद्यमी सृजना गरी स्वरोजगारमा वृद्धि गरीनेछ।

१४ रोजगार सेवा केन्द्रबाट सूचीकृत बेरोजगार श्रमिकलाई रोजगार प्रदान गर्न राष्ट्रिय रोजगार कार्यक्रम मार्फत ब्यवस्थित गरीनेछ ।उक्त कार्यक्रममार्फत बेरोजगार जनशक्तिलाई रोजगारीको प्रबन्ध गरीनेछ ।

१५.महालक्ष्मी नगरपालिकाको मिशन रोजगारी अन्तर्गत **"यूवा हुने छैनन् वेरोजगार अव सपना हुन्छ साकार"** भन्ने मुल नाराका साथ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरु र बेरोजगार यूवाहरुलाई सिपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गरीनेछ जसले उद्यमशिलता प्रवर्द्धन गर्दै सम्मुनत नगर निर्माणमा जोड दिईनेछ

१६ स्थानीय तहबाट नै श्रम स्वीकृति प्रदान गर्ने कार्यलाई अझ प्रभावकारी बनाइनेछ।

१७ बेरोजगार यूवाहरुलाई श्रम पोर्टलमा आबद्ध गराइनेछ।

१८. रोजगार सेवा केन्द्रलाई रोजगार सीप र उद्यमशिलता केन्द्रको रुपमा प्रभावकारी बनाइनेछ ।

## २. सामाजिक विकास सम्बन्धी नीति

### स्वास्थ्य सेवाः

१. नागरिकलाई गुणस्तरिय, पहुँचयोग्य र समतामुलक स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

२. नगर तथा वडाको पूर्ण खोप सुनिश्चितता तथा दीगोपनालाई कायम गर्दै सबै वडाहरुमा हरेक वर्ष खोपको समिक्षा गरिने र खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिईने छ ।

३. पोषण शिक्षा तथा विद्यालय केन्द्रित स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।

४. मातृशिशु स्वास्थ्यलाई ब्यवस्थापन गर्न पूर्ण गर्भवती जाँच गर्ने जस्ता अभियानलाई निरन्तरता दिइनेछ।

५. आकस्मिक प्रसुती सेवालाई व्यवस्थित बनाउन स्वास्थ्य केन्द्रबाट थप आवश्यक उपचारको लागि अन्यत्र प्रेषण गर्दा एम्बुलेन्स सेवाको ब्यवस्थापन गरिनेछ ।

६. प्राकृतिक प्रकोप एवं विपत्तीको कारण मृत्यु भएका विपन्न नागरिकहरुलाई निःशुल्क शव वाहन उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

७. नगर स्वास्थ्य कार्यक्रम अन्तर्गत “घर घरमा नगरपालिका, मन मनमा नगरपालिका” नारामा ७५ वर्ष माथिका अशक्त, अपाङ्ग रहेको अवस्थामा रहेका ज्येष्ठ नागरिक स्थानीय आधारभुत स्वास्थ्य केन्द्र स्वास्थ्यकर्मी मार्फत घरदैलोमा पुगी स्वास्थ्य उपचार प्रदान गरिनेछ । यस कार्यको कार्यान्वयनका सम्बन्धमा स्वास्थ्य शाखा मार्फत कार्यविधि स्वीकृत गराई लागू गरिनेछ ।

८. क्षयरोगमुक्त नेपाल कार्यक्रम अन्तर्गत क्षयरोग मुक्त अभियान संचालनको लागि आवश्यक क्रियाकलापहरु संचालन गरिनेछ ।

९. स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका वडा तथा समुदायमा विशेषज्ञ चिकित्सकद्वारा स्वास्थ्य शिविर संचालन गरिनेछ ।

१०. स्वास्थ्य संस्थाको लागि आवश्यक औजार, उपकरण खरिद तथा व्यवस्थापनको लागि उचित बजेट व्यवस्थापन गरिनेछ ।

११. मोतिविन्दुको निःशुल्क परिक्षण तथा शल्यक्रियाको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२. मोतिविन्दु रोगको उपचारका लागि नेपाल नेत्र ज्योति संघ, तथा डा. रामप्रसाद पोखेल आँखा अस्पताल धनकुटासंगको साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३. स्वास्थ्य संस्थावाट प्रवाह हुदै आएको चिकित्सकीय सेवालाई थप व्यवस्थित गर्दै लगिने छ ।

१४. संघीय सरकारले उपलब्ध गराउने पूर्ण खोप कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१५. नगर अस्पतालको भवन निर्माण सम्पन्न गरेर अत्याधुनिक स्वास्थ्य सेवा विस्तार र विकास गरिनेछ ।

१६. स्वास्थ्य संस्थाहरुमा सुलभ फार्मेसी स्थापना गर्ने कार्यक्रम सुरुवात गरिनेछ ।

१७. स्वास्थ्य चौकीहरुमा ल्याब सेवा सञ्चालन गरिनेछ ।

१८. नगरपालिका भित्रका नागरिकहरूलाई आवश्यकतानुसार मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।

१९. मानसिक स्वास्थ्य प्रवर्द्धन, आत्महत्या रोकथाम तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२०.निराशा, तनाव, आत्महत्याको सोच वा प्रयास भएका व्यक्तिहरूलाई लक्षित विशेष मनोपरामर्श सेवा प्रदान गरिनेछ।

२१. घरेलु हिंसा, लैङ्गिक विभेद, लाञ्छना तथा यौन दुर्व्यवहारबाट प्रभावित व्यक्तिहरूलाई मनोसामाजिक सहयोग तथा परामर्श सेवा उपलब्ध गराइनेछ।

२२.वैदेशिक रोजगारीमा रहेका व्यक्तिका परिवार तथा सुरक्षित आप्रवासनसँग सम्बन्धित जोखिममा रहेका व्यक्तिहरूका लागि मनोसामाजिक परामर्श तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२३.स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, शिक्षक तथा समुदायस्तरका सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२४.नगरपालिकाको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी नीति तर्जुमा गरिनेछ।

२५. नगरभित्रका स्वास्थ्य स्वयमसेविकालाई प्रोत्साहन दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२६. आयुर्वेद तथा योग सेवाको विस्तार गरी स्वस्थ जीवनशैली प्रबर्द्धन गरिनेछ ।

२७. राष्ट्रिय स्वास्थ्य दिवस तथा विभिन्न स्वास्थ्य सम्बन्धी दिवसहरु प्रभावकारी रुपमा मनाईनेछ ।

२८. नियमित निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

२९. नसर्ने रोग उच्च रक्तचाप, मधुमेह, क्यान्सर आदीको रोकथाम, पहिचान र व्यवस्थापनलाई प्राथमिकता दिईनेछ ।

३०. जेष्ठ नागरिक तथा दिर्घरोगहरुको स्वास्थ्य प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. विद्यालय स्वास्थ्य योग शिक्षा तथा मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रमलाई विस्तार गरिनेछ ।

३२. समुदायमा स्वास्थ्य शिक्षा, सरसफाई तथा स्वस्थ जीवनशैली जनचेतना कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

**शिक्षा**

१. पालिकाबाट प्रदान हुने बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको तलब भत्ता अनुदान लगायतका विषयहरुमा नगरपालिकाले विद्यालयहरुलाई दिंदै आएको अनुदान रकमलाई निरन्तरता दिइनेछ ।

२. बिद्यालयमा दरबन्दीको अभाव हुन नदिने नीति लिइनेछ, शून्य दरबन्दी भएका, विद्यार्थी संख्या बढी र शिक्षक संख्या कमी भएका विद्यालयहरुलाई लक्षित गरी आधारभुत र मा.वि. तहमा कक्षा समायोजन भएका विद्यालयहरुबाट शिक्षक दरवन्दी व्यावस्था गरिएको छ , यस कार्यलाई निरन्तरता दिइनेछ ।

३. महालक्ष्मी नगर भित्रका बिज्ञान बिषय अध्ययन गर्ने विद्यार्थीहरु मध्येबाट उच्च शिक्षका लागि २ जनालाई हरेक वर्ष छात्रावृति दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।जनता मा.वि.मा कक्षा ११/१२ मा विज्ञान विषयमा अध्ययन गर्ने महालक्ष्मी नगरपालिका भित्रका विधार्थिलाई पूर्ण छात्रबृत्तिको ब्यवस्था मिलाइनेछ।

४. बालबालिकाको स्वास्थ्यलाई ध्यान दिदै दिवा खाजाको कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिने छ ।रैथाने उत्पादन खाजालाई लागु गरिनेछ ।

५. महालक्ष्मी नगरपालिका भित्रका निर्माणाधिन अधुरा विद्यालयहरुको भवन निर्माण गर्दै लगिनेछ ।

६. महालक्ष्मी नगरपालिकाको एकमात्र जितपुर क्याम्पसको शिक्षण सिकाईलाई प्रभावकारी बनाउन भवन लगाएत अन्य आवश्यक पूर्वाधारहरुको निर्माण गरीनेछ ।

७. महालक्ष्मी नगरपालिकाका सम्पूर्ण विद्यालयहरुको पूर्वाधार विकास र खेलमैदान ब्यवस्थापनमा सहयोग गरीनेछ ।साथै क्याम्पसलाई दिइदैं आएको शैक्षिक अनुदानलाई थप गरिनेछ।

८. महालक्ष्मी नगरपालिकाको नमूना विद्यालयको गुणस्तर बृद्धिका लागि निरन्तर अनुगमन तथा ब्यवस्थापनमा सहजीकरण गरीनेछ ।

९. सुरक्षित विद्यालय कार्यक्रम अन्तर्गत महालक्ष्मी नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको घेराबारा गर्न बाँकी रहेका विद्यालयमा घेराबारा लगाउन सम्वन्धित वडा, टोलबासीहरु र विद्यालयलाई स्थानीय कच्चा पदार्थको प्रयोग गर्न आब्हान गरीनेछ ।

१०. अन्तरविद्यालय अतिरिक्त क्रियाकलाप तथा प्रतियोगिताहरु सञ्चालन गरीनेछ ।

११. विद्यालयमा बालबालिकासँग स्थानीय सरकार कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१२. विद्यालय, अभिभावक तथा जनप्रतिनिधि अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरीनेछ ।

१३. शैक्षिक अनुभव तथा शैक्षिक अभ्यास आदान प्रदानका लागि विभिन्न विद्यालयहरु बीच अन्तरक्रिया, स्थलगत अध्ययन अवलोकनको कार्यक्रम सञ्चालन गरीनेछ ।

१४. विद्यार्थी शिक्षक अनुपात मिलाइ हरेक शैक्षिक सत्रको सुरुमा दरबन्दी मिलान गर्ने नीति अवलम्बन गरीने छ ।

१५. महालक्ष्मी नगरपालिका भित्रका शिक्षकहरुको पहिचानका लागि प्रत्येक शिक्षकहरुलाई परिचयपत्रको व्यवस्थापन गर्न विद्यालयलाई लगाइनेछ ।

१६. प्रत्येक विद्यालयलाई हरित विद्यालयको रुपमा विकास गर्दै जाने नीति अनुरुप विद्यालयमा फुलवारी कार्यक्रम सञ्चालन गर्न शिक्षकहरु, विद्यार्थीहरु, कर्मचारीहरु तथा अभिभावकहरुलाई आब्हान गरीनेछ ।

१७. प्रारम्भिक बालविकासमा अध्यापन गर्ने सहजकर्ताहरुलाई क्षमता विकासका तालिम सञ्चालन गरी विद्यालयमा सिकाइ मैत्री वातावरणको विकास गरिदै लगिनेछ ।

१८. जोखिममा रहेका बालबालिकाको उत्थान र संरक्षण गर्न नगरपालिकाले नगर आवासिय विद्यालय कार्यक्रमलाई ब्यवस्थापन गर्ने निती लिइनेछ ।

२९. नगर नमूना विद्यालय कार्यक्रमलाई निरन्तरता प्रदान गरीनेछ ।

२०. नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको नियमन, अनुगमन, मूल्याकनका लागि विशेष पद्धती तथा मापदण्डको विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति लिईनेछ ।

२१. विद्यालय शिक्षालाई समयानुकुल परिवर्तन गर्दै अंग्रेजी माध्ययमलाई प्रोत्साहन गरीनेछ ।

२२. छात्राहरुलाई गुणस्तरीय सेनिटरी प्याडको कार्यक्रमलाई अझ व्यावस्थित गरिनेछ २३. महालक्ष्मी नगरपालिका भित्रका माध्यमिक विद्यालयहरुलाई आवासिय विद्यालयका रुपमा यसै वर्ष देखी सुरु गरिनेछ ।

२४.विद्यालय शिक्षकको पेशागत विकासको लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

२५. विद्यालय शिक्षकका लागि डिजिटल सिकाई सामग्रीको प्रयोग सम्बन्धि क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

२६. विद्यालय तहको पालिका स्तरीय परीक्षालाई थप व्यवस्थित ढंगबाट सञ्चालन गरिनेछ ।

**<u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण</u>**

१. सुरक्षित आप्रवासन कार्यक्रमलाई व्यवस्थित गर्दै यसमा साझेदारीका रुपमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

२. दलित समुदाय सीप विकास कार्यक्रम नगर स्तरीय रुपमा सञ्चालन गरीनेछ ।

३. लैंगिक हिंसा निवारणका लागि समविकास तालिम कार्यक्रम सञ्चालन गरीनेछ ।

४. नगरपालिकामा लैंगिक हिंसा निवारण कोषको ब्यवस्थापन गरीनेछ ।

५. नगरपालिका भित्रका महिलाहरुका लागि बक्तित्व कला तालिम कार्यक्रम सञ्चालन गरीनेछ ।

६. जोखिममा रहेका बालबालिकाहरुको उद्धार र पुर्नस्थापनाका लागि आवश्यक ब्यवस्था मिलाइनेछ।

७. बालमैत्री विद्यालय तथा वडा कार्यक्रमलाई ब्यवस्थापन गरीनेछ ।

८. आपतकालिन महिला हिंसा र बाल उद्दार कोषको स्थापना गरीनेछ ।

९. अपांगता भएका व्यक्तिका अभिभावक र स्याहारकर्ताहरुका लागि विशेष तालिम कार्यक्रमहरु सञ्चालन गरीने नीति लिइनेछ ।

१०. अपाङ्ग सहायता कक्ष स्थापना तथा सहायक सामग्री वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

११. ज्येष्ठ नागरीकहरुको पोषण, स्वास्थ्य र सम्मानका विभिन्न कार्यक्रमहरु सञ्चालन गरीनेछ ।जेष्ठ नागरीकलाई नगरपालिकाले धार्मिक पर्यटनमा लैजाने व्यावस्था मिलाइनेछ ।

१२. किशोर किशोरी लक्षित यौन तथा प्रजनन् स्वास्थ्यको जनचेतनामूलक तालिम कार्यक्रम सञ्चालन गरीनेछ ।

१३. "विकास निर्माणमा समान जिम्मेवारी"भन्ने नीति अनुसार नगरको हरेक विकासात्मक कार्यहरुमा महिलाको सहभागिता सुनिश्चित गरीनेछ।

१४. अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५. गरीब, असाहय, बालबालिकाहरुलाई आर्थिक सहयोग कार्यक्रम ल्याईनेछ ।

१६. महिलाहरुको आत्मनिर्भरता बढाउन आयआर्जन कार्यक्रमलाई प्रभावकारी रुपमा प्रत्येक वडामा सञ्चालन गरीनेछ ।

१७. "महिलालाई सम्माननै असल समाजको पहिचान"भन्ने मान्यता स्थापित गरीनेछ।

१८. महिलाद्धारा सञ्चालित घरेलु उद्योग, कृषि फार्म, पशु फार्म, व्यापार र व्यवसायको करमा विशेष छुट तथा अनुदानको व्यवस्था मिलाइने छ ।

१९. सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गर्न आवश्यक कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२०. हिंसा पिडित महिलाहरुको लागि सेफहाउसमा लैजाने र पालिकाको साझेदारी र समन्वयमा पुनःस्थापना गर्ने कायम गरीनेछ ।

२१. नगर कार्यपालिकाको कार्यालय र सो मातहतका कार्यालयहरुलाई लैंगिकमैत्री कार्यालयको रुपमा रुपान्तरण गरीनेछ ।साथै बाल मैत्री बनाउदै लगिने नीति लिइनेछ ।

२२. लक्षित वर्ग, समुदाय र जातजातीको हित तथा उत्थानको लागि विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

२३ महिलाहरुलाई आत्मनिर्भर बनाउन जिबिकोपार्जन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२४ विपन्न वर्गका गर्भवती महिलाहरुलाई आपतकालिन आर्थिक साहायताको व्यवस्था मिलाइनेछ।

२५. नगरपालिका भित्रका महिलाहरुका लागि सीष विकास तथा क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

**खेलकुद**

१. महालक्ष्मी कप फुटबल, महालक्ष्मी कप भलिबल, महालक्ष्मी कप ब्याडमिन्टन र अन्तर मा.वि.छात्रा भलिवल जस्ता प्रतियोगितात्मक खेललाई निरन्तरता दिइनेछ ।

२. अन्तर वडागत फुटबल र भलिबल प्रतियोगिता सञ्चालनको लागि प्रोत्साहन गरीनेछ ३. तेक्वान्दो प्रतियोगिता, कबड्डी प्रतियोगिता, कँराते प्रतियोगिता, क्रिकेट प्रतियोगितालाई सञ्चालन गर्न प्रेरित गरीनेछ ।

४. अपाङ्गता भएका व्यक्तिहरुका लागि खेलकुद प्रतियोगिता सञ्चालन गरीनेछ ।

५. खेलकुदको समूचित विकास गर्न पूर्वाधारको निर्माण, सिकाई, प्रतियोगिता आदिको आयोजना गरीनेछ ।

६. नगरका ९ वटै वडाहरुमा खेलकुद विकास कार्यक्रम सञ्चालन गरीनेछ ।

७. विभिन्न खेलकुद प्रतियोगिता र खेल दर्शकलाई मध्यनजर गर्दै महालक्ष्मी नगरपालिकामा भएका ठूला खेलमैदानलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

८. प्रत्येक वडामा एक व्यवस्थित खेल मैदानको निर्माणलाई निरन्तरता दिइनेछ ।

९. नगरले खेल क्षेत्रलाई प्रोत्साहित गर्न विभिन्न क्लब, विद्यालयलाई खेलकुद सामग्री वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१०. पार्क, खुलाक्षेत्र तथा खेल मैदानको व्यवस्थापनको लागि सरकारी तथा सार्वजनिक जमिन प्रयोगमा ल्याइने छ ।

११. जिल्ला बाहिर प्रतियोगितामा जाने विभिन्न खेलाडीहरुलाई प्रोत्साहन कार्यक्रम ल्याइनेछ ।

१२. महालक्ष्मी नगरपालिकामा निर्माणाधिन खेलमैदानको थप व्यवस्थापन गर्न कोशी प्रदेश तथा संघिय सरकारलाई अनुरोध गरीनेछ ।

**व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा**

**क) सबै सामाजिक सुरक्षा भत्ता EFT मार्फत नै वितरण गर्ने नीतिलाई निरन्तरता दिने**
हाल सामाजिक सुरक्षा भत्ताको वितरण इलेक्ट्रोनिक फण्ड ट्रान्सफर (EFT) प्रणालीबाट गरिन्छ। आगामी दिनमा पनि यस प्रणालीलाई निरन्तरता दिँदै सबै प्रकारका सामाजिक सुरक्षा भत्ता (ज्येष्ठ नागरिक, विधवा, अपांगता भएका व्यक्ति, लोपोन्मुख जाति) को रकम लाभग्राहीको बैंक खातामा सिधै EFT मार्फत पठाउने व्यवस्था कायम राख्ने।

**ख) राष्ट्रिय परिचयपत्रको आवेदन र वितरणको डिजिटल प्रणालीको विकास**
हाल राष्ट्रिय परिचयपत्र बनाउन र लिन जिल्ला प्रशासन कार्यालय जानुपर्ने बाध्यता छ। यसलाई सुधार गर्न निम्न कार्य गर्ने:

- राष्ट्रिय परिचयपत्रको आवेदन तथा परिचयपत्र पालिकाबाटै दिन सक्ने व्यवस्था गर्न आवश्यक पहल तथा प्रक्रिया अगाडि बढाउइनेछ ।

**ग) सेवाको विकेन्द्रीकरणः वडा कार्यालयलाई सेवा केन्द्र बनाउने नीति लिइनेछ ।**

**घ) मोबाइल एपमार्फत सेवा प्रवाह (स्मार्ट सेवा)**
सामाजिक सुरक्षा भत्ता नवीकरणको लागि बायोमेट्रिक प्रमाणीकरण मोबाइल एपमार्फत गर्न सकिने व्यवस्था सरकारले अघि सारेको छ। यसलाई विस्तार गर्दैः

- राष्ट्रिय परिचयपत्रको नवीकरण, ठेगाना परिवर्तन, र विवरण अद्यावधिक पनि मोबाइल एपमार्फत गर्न सक्ने
- व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह) को प्रमाणपत्र मोबाइल एपबाटै डाउनलोड गर्न सक्ने

**ङ) राष्ट्रिय परिचयपत्रको विशेष छुटको व्यवस्था कायम राखे**
९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, र १६ वर्षमुनिका बालबालिकाका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य नगर्ने व्यवस्था लाई आगामी वर्ष पनि निरन्तरता दिने र यसको स्पष्ट मार्गदर्शन जारी गर्ने।

**च) एकीकृत डिजिटल पहिचान प्रणालीको पूर्ण कार्यान्वयन**
व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह) अनलाइन प्रणालीमा भइरहेको छ, सामाजिक सुरक्षा भत्ता EFT मार्फत वितरण हुन्छ, तर राष्ट्रिय परिचयपत्रको भौतिक उपस्थिति अनिवार्य छ। यी सबैलाई एकीकृत गर्दैः

- सामाजिक सुरक्षा सूचना व्यवस्थापन प्रणालीमा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य रूपमा रुजु गर्ने
- पालिकाबाट प्रदान गरिने सवै सेवामा राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने केन्द्रिय सरकारको नीति अनुसार कार्यसम्पादन गर्दै लगिनेछ ।
- स्वास्थ्य बीमा, पेन्सन, र अन्य सेवामा समेत यही एकीकृत प्रणाली प्रयोग गर्ने

छ) सामाजिक सुरक्षा भत्ता वडाहरुको टोल टोलमा वैङ्कलाई पठाएर विवरण गरिरहेको छ सो कार्यलाई निरन्तरता दिइनेछ ।

ज) राष्ट्रिय परिचयपत्र, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी कर्मचारी, नागरिक तथा सम्बन्धित पक्षलाई आवश्यक तालिम, अभिमुखीकरण र विविध सूचना प्रदान गरिनेछ ।

**आदरणीय, नगरसभा सदस्यज्यूहरु,**

**३ पुर्वाधार विकास नीतिः**

**खानेपानी**

नगरक्षेत्रका खानेपानी उपभोक्ता समितिहरूको अभिलेख तयार गरी सबै नागरीकलाई शुद्ध खानेपानी उपलब्ध गराउन एक घर, एक धारा कार्यक्रम सञ्चालन गर्ने र खानेपानी वितरण प्रणालीलाई मिटर प्रणालीमा रुपान्तरणलाई निरन्तरता दिईनेछ ।

- महालक्ष्मी लिफ्टिङ्ग खानेपानी योजनाहरुलाई निरन्तरता दिइने छ ।
- चानुवा लिफ्टिङ्ग खानेपानी योजना वडा नं . ४ लाई निरन्तरता दिइनेछ ।
- अन्य खानेपानी योजनाको मर्मत सम्भार संघीय, प्रदेश सरकारको सहयोग र नगरको साझेदारीमा अगाडि बढाइनेछ।
- नगर क्षेत्रभित्र रहेका खानेपानी स्रोतहरुको संरक्षण र प्रवद्धन गरीनेछ ।
- सबै खानेपानी उपभोक्ता समितिहरूलाई स्थानीय माग र आवश्यकताका आधारमा खानेपानी संस्थानलाई हस्तान्तरण गरी स्वच्छ, सफा खानेपानी वितरणको कार्यक्रम सञ्चालनका लागि पहल गरीने छ ।

**<u>सडक र पूल</u>**

- महालक्ष्मी नगरपालिकाका मूल सडकलाई विगत आर्थिक वर्ष देखि कालोपत्रे गर्न प्रारम्भ गरीसकीएको छ र उक्त कार्यलाइ प्रभावकारी रुपमा कार्यान्वयन गरी १२ महिना यातायात सञ्चालन हुनसक्ने नीति अवलम्वन गरीनेछ । उक्त कार्यका लागि प्रदेश र सङ्घीय सरकारसँग पहल गरीनेछ ।
- नगर क्षेत्रभित्रका प्रमुख वजार तथा पर्यटकीय स्थलमा प्राथमिकताका आधारमा पार्किङ्गसार्वजनिक शौचालय ,प्रतिक्षालय सूचना वोर्ड जस्ता पूर्वाधार निर्माण, कार्यलाई अगाडी वढाईनेछ ।
- सडक पूर्वाधार गुरुयोजना अनुरुप सडक संजालको विस्तार तथा निर्माण कार्य अगाडी वढाईनेछ ।
- एकीकृत शहरी विकास योजना निर्माण गरी यसै आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याइने छ। जितपुर, रामबजार, डाँडागाउँ, मुलखर्क, दमार, घुमाउने, नेताचोक, चानुवा, कटहरेमा एकिकृत बस्ती विकास योजना लागु गरीनेछ ।
- महालक्ष्मी नगरको चक्रपथ सडकलाई निरन्तरता दिइनेछ ।
- नगरका सबै वडाहरूमा आवत जावत गर्न झोलुङ्गे पूल र मोटरेवल पूल निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ काम गरीनेछ।
- यसै वर्ष लेगुवा खोला ओलाङ्चुङ्गमा मोटरेवल पूल निर्माण गरीनेछ।
- महालक्ष्मी नगरपालिकाका ९ ओटै वडा कार्यालय सडक संजालको स्तरोन्नती र कालोपत्रे सडक निर्माणका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरी निर्माण कार्य अगाडि वढाईनेछ ।
- महालक्ष्मी नगरपालिका भित्रका सडकहरुलाई मर्मत कार्यको लागि मर्मत सम्भार कोष स्थापना गरीनेछ ।
- विगत आर्थिक वर्षबाट मापदण्ड निर्धारण गरीएका सडकहरूको लगत कट्टालाई निरन्तरता दिईनेछ ।
- नगरभित्रका मुख्य सडक किनारामा हरियाली प्रवर्द्धनगरीने छ।प्रवर्द्धनका लागि टोल सुधार संस्थासँगको समन्वयमा वृक्षरोपण कार्यक्रम सञ्चालन गरीनेछ ।

- नगरका मुख्य–मुख्यबजार केन्द्रहरूमा सडक बत्ती जडान गरीने छ ।साथै,मुख्य–मुख्य घाट तथा समाधिस्थलहरू ब्यवस्थित गर्ने नीति लिइनेछ ।

**विद्युत**

जलस्रोतको अधिकतम प्रयोगको लागि सम्भाब्यता अध्ययन गरी एकीकृत जलविद्युत तथा बैकल्पिक ऊर्जा विकास र उपयोग योजना निर्माण गरी नगरपालिका आफैं वा प्रदेश सरकार र (नवीकरणीय ऊर्जा समेत) सङ्घीय सरकारको साझेदारीमा कार्यान्वयनमा ल्याईने छ । क्रमशः काठका जीर्ण पोल विस्थापित गरी फलामे पोल राख्ने कार्यलाई निरन्तरता दिईनेछ ।

- केन्द्रिय प्रसारण लाइनको पहुँच नभएका टोल वस्तिमा विद्युत सेवा विस्तार गर्न नेपाल विद्युत प्राधिकरणसँग समन्वय गर्नका साथै अति गरीब परिवारका लागि वैकल्पिक उर्जाको व्यवस्था गरीनेछ ।उज्यालो नगर कार्यक्रमलाई प्रभावकारी बनाई सबै वडामा उज्यालो पुर्याइनेछ ।
- संघिय र प्रदेश सरकारसंग समन्वय गरी विधुत प्रशारण लाईनलाई सुरक्षित र भरपर्दो बनाउन पहल गरीनेछ।

**सिँचाइ**

- नगरक्षेत्रका सिँचाइ कुलोहरूको अभिलेखीकरण गरीने छ । आवश्यकतानुसार कुलोको प्राथमिकीकरण गरी मर्मत तथा सम्भार गरीने छ ।
- नगर क्षेत्रभित्रका कृषि योग्य जमिनमा सिंचाई सुविधा विस्तार गर्न दातृ निकाय,प्रदेश,स्थानीय निकायसंग उपभोक्ताको साझेदारीलाई निरन्तरता दिइनेछ।
- नगर क्षेत्रभित्रका कृषि योग्य जमिनमा सिँचाई सुविधा विस्तार गर्न दातृ निकाय स्थानीय तहको साझेदारी र सहकार्यमा संचालित साना सिँचाई आयोजनाको कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।
- सिँचाई आयोजनालाई नियमित मर्मत सम्भार र दिगो व्यवस्थापनको लागि जल उपभोक्ता संस्थासँग समन्वय सहकार्य गरी जिम्मेवार वनाईनेछ ।
- महालक्ष्मी नगर क्षेत्रभित्रका सिँचाई आयोजनाहरुलाई वहुउद्देशीय सिँचाई आयोजनाको रुपमा रुपान्तरण गरीनेछ ।
- सिँचाइका आधुनिक तथा प्रभावकारी प्रविधिको उपयोग गरी खेतीयोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराईने छ। अरुण नदीको पानी लिफ्टिङ् पद्धिबाट नगरपालिकाका ४, ५, ६ र 7वडाहरूमा सिँचाइ आयोजना केन्द्र र प्रदेश सरकारसँग समन्वय गरी सञ्चालन गरीने

**भवन निर्माण**

- महालक्ष्मी नगरपालिकाको प्रशासनिक कामकाज गर्न उपयुक्त अपाङ्गमैत्री प्रशासनिक भवन निर्माण गरीनेछ ।
- नगरपालिका सवै वडा कार्यलयहरुमा वडा स्तरीय सामुदायिक हल निर्माणको लागि पहल गरीनेछ ।

➢ नगरपालिका भित्र भुकम्प रहित घर तथा भवन निर्माण गर्दा भवन निर्माण आचार संहिता अनुसार गर्ने वा गराइनेछ।

➢ नगर क्षेत्रभित्रका निर्माण भएका निजी तथा सार्वजनिक भवनहरुको घर नम्वर अभिलेखन कार्यलाई निरन्तरता दिईनेछ ।

<u>सूचना तथा सञ्चार</u>

**आदरणिय नगर सभासदस्य ज्यूहरु,**

वर्तमान २१ औं शताब्दी सूचना प्रविधिको युग हो। डिजिटल प्रविधिको द्रुत विकासले हाम्रो जीवनशैली, कार्यप्रणाली र सामाजिक संरचनामा आमूल परिवर्तन ल्याएको छ। वर्तमान सूचना प्रविधि (ICT) को युगमा स्थानीय सरकारको रूपमा पालिकाले प्रवाह गर्ने सेवाहरूलाई प्रभावकारी, पारदर्शी र जनमुखी बनाउन डिजिटल प्रविधिको अधिकतम प्रयोग अपरिहार्य छ। सरकारी सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन डिजिटल साक्षरता तथा प्रविधिको प्रयोग अपरिहार्य बन्दै गएको छ। पालिकाका पदाधिकारीहरू तथा कर्मचारीहरूमा डिजिटल साक्षरता र प्रविधिको उचित प्रयोगसम्बन्धी ज्ञानको अभावले सेवा प्रवाहमा ढिलासुस्ती, कार्यसम्पादनमा कमी र सुशासन कायम गर्न चुनौतीहरू देखा पर्न सक्छन्।

- पालिका पदाधिकारी तथा कर्मचारीहरूको दक्षता अभिवृद्धि गरी प्रविधिको प्रयोगमा अभ्यस्त गराउन डिजिटल साक्षरता तथा प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।
- नेपालको संघीय प्रणाली अन्तर्गत स्थानीय सरकारहरूमा सेवा प्रवाह, योजना निर्माण योजना निर्माण, अनुगमन, बजेट व्यवस्थापन, अभिलेख व्यवस्थापन लगायतका कार्यहरूमा सूचना प्रविधिको प्रयोग व्यापक हुन थालेको अवस्थमा महालक्ष्मी नगरका सबै वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरू, बस्तीहरू र अन्य सरकारी कार्यालयहरूमा गुणस्तरीय र प्रभावकारी इन्टरनेट सुविधा विस्तार गरिदै लगिनेछ ।
- सेवा प्रवाहलाई मध्यनजर गर्दे वडा कार्यालय, स्वस्थ्य चौकी, विद्यालयहरुमा एकिकृत CCTV-Camera , ई-हाजिरी प्रणाली जडान गरि सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी वनाउदै लगिनेछ।
- नगरको गेटमा Digital Board जडान गरि त्यस मर्फत पालिकाका सम्पुर्ण सूचना प्रशारण गरिनेछ । साथै BULK SMS को प्रयोग मार्फत सम्बन्धित सरोकारवालालाई छिठो भन्दा छिठो सुचनाको जानकारी गराईनेछ ।

नगरको मोवाईल एप्स निर्माण गरी सेवाग्राहीलाई घरमै वसी वसी राजश्व सम्बन्धी अनलाईन Payment घरवाटै तिर्ने गरिको व्यवस्था मिलाई सेवा प्रवाहको कार्यलाई अगाडि वढाईनेछ।

- नागरिकलाई सही, तथ्यपरक, निष्पक्ष तथा समयमै सूचना प्रवाह गर्न पत्रकारिता क्षेत्रको क्षमता अभिवृद्धि र व्यवसायीक पत्रकारीताको विकास गरिनेछ।

४<u>. वन, वातावरण, फोहोर मैला तथा विपद व्यवस्थापन</u>

<u>वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन</u>

१. नगरपालिकाको नियमित सरसफाई व्यवस्थापनको अलावा आकस्मिक सरसफाई र सुरक्षा कार्यलाई व्यवस्थित गरीनेछ ।

२. सरसफाई सम्बन्धी वडा स्तरमानै अभियान सञ्चालन गरीनेछ ।

३. टोल विकास संस्थाको क्षमता विकासमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

४. नगरका विभिन्न सार्वजनिक स्थानमा बगैंचा तथा पार्क निर्माण गरीनेछ ।

५. बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्न पहल गरीनेछ ।

६. डम्पिङ्ग साइटको ब्यवस्थापन गरीनेछ ।

७. नगरपालिकाको सहरी क्षेत्रमा ढल तथा तरल फोहोर व्यवस्थापनको लागि विशेष कार्यक्रम ल्याइनेछ ।

८. महालक्ष्मी नगरपालिकालाई वातावरण मैत्री नगर बनाउने नीति अवलम्बलन गरीने छ ।

९. नदी किनार, नदी उकास, सार्वजनिक खालि जग्गा, पाखा तथा सडक किनारमा वृक्षारोपणको व्यवस्था गरीने छ ।

१०. फोहोरमैला उत्पादनको श्रोत मै वर्गिकरण गर्न आवश्यक कार्यक्रमहरु सञ्चालनमा निरन्तरता दिइने छ ।

११. जलवायु परिवर्तनबाट पर्ने नकारात्मक असरहरु न्यूनीकरणका लागि आवश्यक व्यवस्था गर्दै विभिन्न कार्यक्रमहरु सञ्चालन गरीने कार्यलाइ निरन्तरता दिइनेछ ।

१२. वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण सम्बन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरीनेछ ।

१३. बजार तथा बाटोमा नियम विपरित जथाभावी होडिङ बोर्ड राखन रोक लगाईने कार्यलाई निरन्तरता दिइनेछ ।

१४. नदीधार नियन्त्रण, खोला नियन्त्रण तथा पोखरी निर्माणको शुरुवात गरीनेछ ।

१५. सबै नागरिकलाई सुरक्षित, स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्न जलवायु उत्थानशील समावेशी N-WASH मा आधारित WASH Plan स्वीकृत, कार्यान्वयन तथा पूर्णता गर्न आवश्यक बजेट विनियोजन गरी WASH MIS नियमित अद्यावधिक गरिनेछ ।

१६. WASH Plan को लक्ष्य हासिल गर्न लगानी वृद्धि, सेवा गुणस्तर सुधार तथा सुशासन कायम गर्दै विद्यमान् खानेपानी आयोजनाहरूको स्तरोन्नति, मर्मत, दिगो सञ्चालन प्रणाली प्रवर्द्धन गरिनेछ ।

१७. खानेपानीको गुणस्तर सुनिश्चित गर्न नियमित पानी परीक्षण, प्रयोगशाला पहुँच तथा अनुगमन व्यवस्था स्थापना गरिनेछ र घरायसी स्तरमा पानी शुद्धीकरण तथा सरसफाइ व्यवहार प्रवर्द्धनका लागि जनचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. ठोस तथा दिशाजन्य लेदो व्यवस्थापन तथा सुरक्षित सरसफाइ चक्र सुनिश्चित गर्न नीतिगत व्यवस्था, स्थानीय सन्दर्भ उपयुक्त र जलवायु अनुकूलन प्रबिधि सहित दिगो व्यवस्थापनमा जोड दिइनेछ । निजी क्षेत्रसँग साझेदारीमा क्षमता अभिवृद्धि, 'अनुसार नियमन तथा तोकिएका स्थानमा मात्र संकलन, ढुवानी तथा व्यवस्थापन गरिनेछ । साथै अनियन्त्रित फोहोर फाल्ने प्रवृत्ति नियन्त्रण गरी व्यवस्थित डम्पिङ साइट सञ्चालन गरिनेछ ।

## विपद तथा प्रकोप व्यवस्थापन

१. विपद् व्यवस्थापन कोषको सञ्चालन कार्यविधि बनाई लागू गरीनेछ ।

२. विपद् क्षेत्रको पहिचान र अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३. विपदबाट हुने क्षति न्यूनिकरणका लागि तत्काल राहत र उद्धारका कार्यमा जोड दिइनेछ । यस कार्यमा नगरप्रहरी, सहयोगी संस्था र सम्बन्धित निकायहरुको परिचालनमा जोड दिइनेछ ।

४. विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने तारजाली, बोरा, पाईप तथा अन्य सामाग्रीहरु तयारी अवस्थामा राख्ने कार्यलाई निरन्तरता दिईनेछ ।

५. नगर भित्रका विपद जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तिहरुको पहिचान गरी स्थानान्तरणको लागि आवश्यक प्रक्रियाको थालनी गरीने छ ।

६. नगर भित्रका नदी कटानका कारणले नगरवासीले भोग्नु परेको समस्यालाई न्यूनीकरण गर्न अध्ययन गरीनेछ ।

७. विपद, जोखिम, न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धि कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरीनेछ ।

८. खानी जन्य पदार्थ उत्खनन गर्दा जोखिम हुने क्षेत्रको EIA & IEE गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास तथा सेवा प्रवाह

## सामान्य सेवा प्रवाह तथा मानव संसाधन

- नगरपालिका कार्यालयमा आवश्यकताको आधारमा महाशाखा, शाखा, उपशाखा र इकाइ गठन गरी जनताको काम छिटो र छरितो हुने गरी व्यवस्था मिलाईनेछ । यसको लागि नगरपालिकामा नयाँ संगठनात्मक संरचनाको निर्माण गरीनेछ ।
- महालक्ष्मी नगरपालिकामा कार्यरत अस्थायी, करार र ज्यालादारीमा कर्मचारीहरुको सेवाको सुरक्षाको ब्यवस्था गरीनेछ।
- प्रविधिको बढ्दो प्रयोगसँगै नगरले आफ्ना कर्मचारी र जनप्रतिनिधिहरुलाई सूचना प्रणालीको र नविनतम सीप विकासको तालिम व्यवस्थापन गर्दै लैजाने नीति लिइनेछ ।

- यस नगरपालिका अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरीने सेवाको सन्दर्भमा नियमित रुपमा नागरीक सन्तुष्टी सर्वेक्षण गरीने व्यवस्था मिलाइनेछ । सार्वजनिक सुनुवाईको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको सूचना, जानकारी, सेवाप्रवाहको बारेमा जनतालाई सहज जानकारी गराउन बिगतदेखि विभिन्न सञ्चार तथा संघसंस्था साझेदारी कार्यक्रम गर्दै आएकोले सो कार्यलाई निरन्तरता प्रदान गरीनेछ ।
- यस नगरपालिका मातहत कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि आवश्यकतानुसार प्रशिक्षण र तालीमको व्यवस्था गरी कर्मचारीहरुलाई दक्ष र क्षमतावान बनाइनेछ ।
- कर्मचारी कल्याण कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ बमोजिम नगरपालिकामा कर्मचारी कल्याण कोष स्थापना गरी सवै कर्मचारीलाई सामाजिक सुरक्षा सँग आबद्ध गरिनेछ ।
- अधुरा कार्यक्रम/आयोजना सम्पन्न, फिनिसिङ र प्रचार प्रसार: अब बन्ने नीति तथा कार्यक्रम २०८४ बैशाखमा हुने निर्वाचनलाई लक्षित गरी निर्वाचनपूर्व नै सम्पन्न हुनेगरी तय गर्ने। अधुरा र रणनीतिक रुपमा महत्वपूर्ण मानिएका कार्यक्रम/आयोजना सम्पन्न गर्ने।
- हालसम्म सम्पन्न भएका कार्यक्रम/आयोजनालाई फिनिसिङ गर्ने सोको र प्रचार प्रसार गर्ने कार्यमा केन्द्रित गर्ने।
- कार्यालयको सेवा प्रवाह प्रभावकारी बनाउन कर्मचारीको सेवा सुविधा तथा सञ्चालन व्यवस्थापनको लागि आवश्यक कर्मचारी सेवा ऐन निर्माण गरी सो अनुसार कार्य गरिनेछ ।
- कर्मचारीलाई कार्यसम्पादनका आधारमा उत्कृष्ट कर्मचारी छनौट गरी सम्मान तथा कर्मचारी प्रोत्साहन गर्ने
- पाँच वर्षे र दश वर्षे उपलब्धीहरुको अभिलेख र प्रचारप्रसार: निर्वाचित भएर प्रवेश गर्दा (आधार वर्ष २०७९) को समयमा हरेक सूचकको अवस्था के थियो (Baseline) र पाँच वर्षमा भएको प्रगति (End line) विवरण तयार गर्ने र प्रचार प्रसार गर्ने।
- बेरुजु फछ्यौंटमा कार्यलाई प्रथमिकता- महालेखा परीक्षकको कार्यालयबाट प्राप्त लेखापरीक्षण प्रतिवेदनलाई आवश्यक कानूनी प्रकृया गरी नगर सभाबाट वेरुजु फछ्यौंट गरी समपरीक्षणको लागि सम्बन्धित कार्यालयमा पेश गर्ने ।
- २०८३ साल लाई असल अभ्यास प्रचार प्रसार वर्ष मनाउने
- स्थानीय सरकारमा जनप्रतिनिधिको दोस्रो कार्यकालको चौथो वर्ष पुरा भई पाँचौं अर्थात अन्तिम वर्ष चलिरहेको सन्दर्भमा आगामी आ.व. लाई नगरपालिकाहरूले गरेका असल र अनुकरणीय अभ्यासहरूको सङ्कलन, प्रकाशन र प्रचार प्रसार गर्ने कार्यलाई प्राथमिकता दिई असल अभ्यास र सिकाइ आदानप्रदान वर्षको रुपमा वर्षैभरी गतिविधिहरू सञ्चालन गरिनेछ।
- महालक्ष्मी नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन (O&M Survey) सर्भेक्षण सम्पन्न गर्ने र सभाबाट स्वीकृत गराई प्रदेश किताबखानामा पद दर्ताको लागि सिफारिस गर्ने

- नगरपालिकाको कार्यसन्चालनको लागि आवश्यक समय सापेक्षताको आधारमा पुराना कानून खारेज/संसोधन गरी नयाँ र आवश्यक नयाँ कानून निर्माण गर्ने ।

- ❖ बेरुजु फछ्र्यौंट प्रक्रियालाई प्रभावकारी बनाउन लेखा समिति, जनप्रतिनिधि तथा सम्बन्धित कर्मचारीहरुलाई आवश्यक अभिमुखीकरण, तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- ➢ स्थानीय सरकारका कानून प्रदेश सरकारले सञ्चालनमा ल्याएको कानून अभिलेखीकरण प्रणालीमा प्रविष्ट गर्ने
- ➢ नागरिकहरुको आवश्यकताका आधारमा यस आर्थिक वर्षदेखि मालपोत सम्वन्धि सवै कामहरु पालिकाबाट संचानल गर्न आवश्यक प्रकृया अगाडि बढाउनेछ ।

सुरक्षा व्यवस्थापन

१. नगर प्रहरीलाई समय अनुसार तालिम दिई क्षमता विकास गरीनेछ।

२. नेपाल प्रहरीसँगको समन्वय तथा सहकार्यमा नगरको मुख्य चोकहरुमा सिसि टिभी राखी सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसलाई थप आवश्यक स्थानमा विस्तार गरीनेछ ।

३. नगरको शान्ति सुरक्षालाई व्यवस्थित र भरपर्दो बनाउँदै लगिनेछ । यसका लागि जिल्ला एवं नगर क्षेत्र स्थित सबै सुरक्षा निकायहरुसँग समन्वय गरीनेछ ।

**न्याय सम्पादन**

१. मेलमिलापकर्ताको लागि परिचय—पत्र उपलब्ध गराइनेछ ।

२. सबै वडामा मेलमिलाप केन्द्रलाई व्यवस्थित गरीनेछ।न्ययिक समितिको क्षमता विकासका लागि तालिम तथा कार्यक्रमहरु सञ्चालन गरीनेछ।

३. सामाजिक न्याय र स्थापित ऐन कानूनमा आधारित भई न्याय सम्पादन गरीनेछ ।

४. न्यायीक समितिमा परेका उजुरीहरुलाई सकेसम्म मेलमिलापको माध्यमबाट छिटो छरितो रुपमा निरुपण गर्ने नीति लिईनेछ ।

५. न्यायीक भेला आयोजना गरी अनुभव आदान प्रदान, न्यायीक समितिका समस्या र समाधानको बारेमा कार्यक्रम गरीनेछ ।

६.मेलमिलापकर्ताहरुलाई क्षमता विकास गर्न पुनर्ताजगी तालिम दिइनेछ।

**वित्तीय व्यवस्थापन**

१. नगरपालिकामा भएको आम्दानी तथा खर्चको विवरण पारदर्शि गरीनेछ ।

२. नगर कार्यपालिकाले गरेका निर्णयहरुलाई ब्यवस्थित रुपमा अभिलेख राखिनेछ ।

३. करको दर भन्दा पनि दायरालाई बढाउदै लैजाने नगरको नीति भए अनुसार घर बहाल कर र व्यवसाय कर संकलन अभियान सञ्चालन गरीनेछ ।

४. नगरपालिकाको सार्वजनिक खरिद कार्यमा संलग्न हुने नगरपालिका क्षेत्रभित्रका व्यापार, व्यवसाय, उद्योगको हकमा अनिवार्य नगरपालिकामा व्यवसाय कर चुक्ता प्रमाण पेश गर्नुपर्ने नीति अवलम्बन गरीनेछ । यसबाट व्यवसाय करमा बढोत्तरी हुने विश्वास गरीएकोछ ।

५. नगरपालिकाको आन्तरिक राजश्वलाई बढोत्तरी गर्न विभिन्न करका संभाव्य क्षेत्रहरुको पहिचान गरी राजश्वको दायरालाई बृद्धि गर्ने नीति लिइनेछ ।

६.नियमित गरीने, असुल उपर गर्नुपर्ने खालको बेरुजुलाई सम्बन्धित व्यक्ति तथा संघसंस्थाहरु सँग नियमानुसार असुलउपर गरीनेछ । नगरपालिकाको बेरुजु न्यून गर्ने तर्फ ध्यान दिइनेछ ।

७. तोकिएको समयमानै पेश्की तथा बेरुजु फर्छ्यौट नगरेमा भुक्तानी हुन बाँकी रकम, पारिश्रमिक, तलब भत्ता समेत रोक्का गरी असुल उपर गरीनेछ ।

८. राजश्व संकलनको लागि कर शिक्षा एवं संकलन कार्यक्रम मार्फत करमैत्री वातावरणको व्यवस्था मिलाईनेछ ।

९. अनावश्यक खर्च नियन्त्रण गरी सार्वजनिक श्रोतको उपयोग गर्दा मितव्ययी हुने नीति अवलम्बन गरीनेछ । यसको लागि खर्च मापदण्ड बनाई लागू गरिनेछ ।

**विविध**

१. विकास निर्माण कार्यका लागि विस्तृत आयोजना प्रतिवेदन डि.पि.आर. तयार गरी बजेट कार्यान्वयन गर्दा बस्तुनिष्ठ हुने भएकाले यस कार्यलाई निरन्तरता दिईनेछ ।

२. बसपार्कलाई व्यवस्थित बनाउने नीति अनुरुप थप कार्यक्रमहरु ल्याइनेछ ।

३. संघ, प्रदेश सरकारबाट प्राप्त हुने समपूरक, सशर्त र विशेष अनुदान अन्तर्गतका विकास निर्माणका आयोजनाहरु समयमै ठेक्का प्रक्रिया वा उपभोक्ता समिति मार्फत सञ्चालनमा ल्याईनेछ ।

४ बाँदर, बँदेल, दुम्सी जस्ता जनावरहरुले कृषि उत्पादनमा क्षति पुर्‍याउने गरेकाले यसबाट जोगिन तथा कृषि उपज जोगाउन प्रभावित क्षेत्रहरुमा चेतनामुलक तथा नियन्त्रणमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**आदरणीय, नगरसभा सदस्यज्यूहरु,**

चालु आ.व. २०८२/०८३ को समिक्षा सहित आगामी आ.व. २०८३/०८४ को प्रस्तावित नीति तथा कार्यक्रमले नगरको विकास र समृद्धीमा महत्वपूर्ण  इट्टा थप्ने विश्वास लिएको छु । यस गरीमामय नगरसभामा उपस्थित सम्पूर्ण सभासदस्य ज्यूहरुले प्रस्तुत गरीएको नीति तथा कार्यक्रम माथि गहन छलफल गरी पारित गरीदिनुहुन्छ भन्ने आशा र विश्वास लिएको छु।

अन्त्यमा, मस्यौदा तयार पार्न प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण नगरसभा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत सहित सम्पूर्ण कर्मचारी परिवार,राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,

विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्था, सञ्चार क्षेत्र तथा आदरणीय नगरवासीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । हामी सवैको साझा प्रयासबाट समृद्ध, सुन्दर र आत्मानिर्भर महालक्ष्मी नगर निर्माण गर्न सफल हुने विश्वास व्यक्त गर्दछु ।प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोगको अपेक्षा सहित हार्दिक अपिल गर्दछु । धन्यवाद ।

**ध्रुवराज राया**

**नगर प्रमुख**

२०८३ असार १० गते बुधबार